श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. १७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### स्थानीय प्रशासन ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: स्थानीय प्रशासन ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "स्थानीय प्रशासन (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. स्थानीय प्रशासन ऐन, २०२८ को दफा ३ मा संशोधन: स्थानीय प्रशासन ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ:—

"३. अञ्चल तथा जिल्ला विभाजन: (१) प्रशासनको प्रयोजनको लागि नेपाल अधिराज्यलाई अनुसूचीमा तोकिएबमोजिम अञ्चल तथा जिल्लाहरूमा विभाजन गरिएको छ।

(२) प्रत्येक अञ्चल तथा जिल्लाको सीमाना र सदरमुकाम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ।

(३) य सअघि कायम भई रहेका अञ्चल तथा जिल्ला र तिनको सीमाना र सदरमुकाम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२२

श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अन्यथा व्यवस्था नगरेसम्म साविकै बमोजिम कायम रहनेछ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. अञ्चल प्रशासनः (१) अञ्चलाधीश आफ्नो अञ्चलमा श्री ५ को सरकारको प्रमुख प्रशासकीय अधिकारी हुनेछ। श्री ५ को सरकारको नीति र निर्देशन अनुरूप समन्वयात्मक तरीकाले अञ्चलभित्र सामान्य प्रशासन सञ्चालन गर्ने गराउने उत्तरदायित्व निजको हुनेछ।

(२) उप-दफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी अञ्चलाधीशको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः–

(क) अञ्चलभरमा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने,

(ख) अञ्चलभरको सामान्य प्रशासनको नियन्त्रणमा रेखदेख र समन्वय गर्ने,

(ग) अञ्चलभरमा हुने विकास परियोजनाहरू र अन्य निर्माण, संभार तथा मर्मत कार्यहरूमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मूल्यांकन गर्ने,

(घ) अञ्चलभित्र सञ्चालन गरिने विकास परियोजनाहरूको तर्जुमा तथा मूल्याँकनमा श्री ५ को सरकारलाई सुझाव तथा सल्लाह दिने,

(ङ) अञ्चलभित्रको श्री ५ को सरकारको सम्पत्तिको रेखदेख, मर्मत र संभार गर्ने गराउने,

(च) अञ्चलभित्रका जिल्ला पञ्चायतहरूको कार्यक्रमहरूमा समन्वय ल्याउने,

(छ) अञ्चलभित्रका जिल्ला कार्यालयहरूको कार्यहरूमा र अञ्चलभरका अञ्चलस्तरका कार्यालयहरूको कार्यहरूमा समन्वय ल्याउने र सहयोग पुऱ्याउने,

(ज) अञ्चलभरको अञ्चल तथा जिल्लास्तरका कार्यालयहरूको काममा ढीला सुस्ती, लापरवाही, भ्रष्टाचार, आदि हुन नदिन आवश्यक कारवाई गर्ने,

(झ) श्री ५ को सरकारले समय समयमा दिएका सामान्य वा विशेष आदेश तथा निर्देशन अनुसार काम कारवाही गर्ने।

(३) अञ्चलाधीशले वर्षको एक पटक विदेशी मुलुकसित जोडिएको सीमानाको जाँच गरी श्री ५ को सरकारमा प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ।

(४) समय समयमा अञ्चलाधीशले आफ्नो अध्ययन भ्रमणको आधारमा अञ्चलको गतिविधि र वस्तुस्थिति बारेको प्रतिवेदन श्री ५ को सरकारमा प्रस्तुत गर्नु पर्नेछ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

628

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५. <u>जिल्ला प्रशासनः</u> (१) जिल्लाको सामान्य प्रशासन संचालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला कार्यालय रहनेछ। श्री ५ को सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्नेछ र निजले अञ्चलाधीशको सामान्य रेखदेखमा रही काम गर्नेछ।

(२) अदालत र रक्षा सम्बन्धी कार्यालयहरू बाहेक श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका जिल्लास्तरका कार्यालयहरू जिल्ला कार्यालयका शाखाका रुपमा रहने छन्।

(३) उप-दफा (२) बमोजिम जिल्ला कार्यालयको शाखाको रुपमा रहेको जिल्लास्तरका कार्यालय वा सोही कार्यालयका अधिकृतले प्रयोग गर्न पाउने गरी प्रचलित नेपाल कानून बमोजिम तोकिएको अधिकार वा कुनै न्यायिक वा अर्धन्यायिक अधिकारको प्रयोगका हकमा प्रमुख जिल्ला अधिकारीको कुनै नियन्त्रण रहने छैन।

(४) उप-दफा (२) बमोजिम जिल्ला कार्यालयको शाखाका रूपमा रहेका जिल्लास्तरका कार्यालयहरूमाथि रेखदेख, नियन्त्रण र निर्देशन दिने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको अधिकार र कर्तव्य यस ऐन अन्तर्गत बनेको नियमद्वारा व्यवस्थित हुनेछ।

(५) प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने,

(ख) जिल्लाभित्रका गाउँ पञ्चायत तथा नगर पञ्चायतले सञ्चालन गरेको निर्माण तथा विकास कार्यहरूमा सहयोग पुऱ्याउने र रेखदेख गर्ने,

(ग) जिल्लाभित्र रहेको श्री ५ को सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने,

(घ) विकास सम्बन्धी विषयहरूमा छलफल र निर्णय हुँदा आमन्त्रित गरिएको अवस्थामा जिल्ला पञ्चायत र जिल्ला सभाको बैठकमा अनिवार्य रूपले भाग लिने,

(ङ) श्री ५ को सरकार तथा अञ्चलाधीशले समय समयमा दिएका आदेश वा निर्देशन अनुसार अन्य काम कारवाही गर्ने।

(६) जिल्ला पञ्चायतले तर्जुमा गरेको जिल्ला विकास योजनालाई प्रमुख जिल्ला अधिकारीले कार्यान्वित गर्नु गराउनु पर्नेछ। त्यस्तो जिल्ला विकास योजनाको आवश्यक रेखदेख, नियन्त्रण र समन्वय गर्न प्रमुख जिल्ला अधिकारीले कार्यकारी अधिकृतको रूपमा काम गर्नु पर्नेछ र सो कामको लागि निज जिल्ला पञ्चायतप्रति उत्तरदायी हुनेछ।"

५. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> (१) मूल ऐनको दफा ६ को,–

(१) उप-दफा (१) मा रहेको "अञ्चलाधीश वा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उप-दफा (१) को खण्ड (घ) मा रहेको "अञ्चल वा" भन्ने शब्दहरू झिकिएका छन्।

६२७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :–

"(ङ) जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्लास्थित प्रहरी नायब उपरीक्षकको कार्यालय वा प्रहरी निरीक्षक कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षतः नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ ।"

(४) उप-दफा (३) मा रहेको "अञ्चलाधीश वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(५) उप-दफा (४) मा रहेको "अञ्चलाधीश वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(६) उप-दफा (५) को सट्टा देहायको उप-दफा (५) राखिएको छः–

"(५) जिल्लाभित्र घर जग्गा जमीन, कुलो, पानी, साँध सीमाना बारे शान्तिभङ्ग हुन जाने जस्तो झगडा भएको वा हुन लागेको छ भन्ने थाहा हुन आएमा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित पक्षहरूलाई यथाशीघ्र आफ्नो कार्यालयमा झिकाई बयान लिने र आवश्यकता अनुसार सम्बन्धित सम्पत्ति रोक्का गरी तीन महीनादेखि जस्को जिम्मामा छ उसैको वा स्थानीय पञ्चायत वा कुनै माथवर व्यक्तिको जिम्मामा सुम्पन्न लगाई चित्त नबुझ्ने पक्षलाई अदालतबाट हक बेहक छुटयाए र आउन आदेश दिन सक्नेछ ।

(७) उप-दफा (६) को सट्टा देहायको उप-दफा (६) राखिएको छः–

"(६) उप-दफा (३), (४) र (५) अन्तर्गत प्रमुख जिल्ला अधिकारीले गरेको आदेश वा जरीवानामा चित्त नबुझ्ने व्यक्तिले पैंतीसदिनभित्र अञ्चलाधीश समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

६. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को उप-दफा (९) पछि देहायको उप-दफा (१०) राखिएको छः–

"(१०) परम्परादेखि चलिआएको धार्मिक पूजाआजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी, महाशिवरात्री, रामनवमी, र एकादशीको पर्व दिन वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशु पंक्षी बध गर्न मनाही गरी तोकिदिएको धार्मिकस्थलमा कसैले पशु पन्छीको बध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पचास रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरीवानाको आदेश उपर पुनरावेदन लाग्नेछैन ।"

७. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को खण्ड (ग) मा रहेको "सम्बन्धित जिल्ला पञ्चायतमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित नगर सभा वा गाउँ सभामा" भन्ने शब्दहरू राखिएका छन् ।

८. <u>मूल ऐनको अनुसूचीमा संशोधनः</u> मूल ऐनको अनुसूचीको क्रम संख्या २, ३, ७, ६, र ११ को सट्टा देहायको क्रम संख्या २, ३, ७, ६, र ११ राखिएका छन्ः–

| | |
|---|---|
| २. कोशी | (१) संखुवासभा |
| | (२) तेह्रथुम |

६२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | (३) धनकुटा |
| | (४) भोजपुर |
| | (५) मोरङ्ग |
| | (६) सुन्सरी |
| ३. सगरमाथा | (१) सोलुखुम्बू |
| | (२) ओखलढुङ्गा |
| | (३) खोटाङ्ग |
| | (४) उदयपुर |
| | (५) सप्तरी |
| | (६) सिराहा |
| ७. गण्डकी | (१) गोरखा |
| | (२) तनहुँ |
| | (३) मनाङ्ग |
| | (४) लमजुङ्ग |
| | (५) कास्की |
| | (६) स्यांजा |
| ९. धवलागिरि | (१) पर्वत |
| | (२) म्याग्दी |
| | (३) मुस्ताङ |
| | (४) बागलुङ्ग |
| ११. कर्णाली | (१) डोल्पा |
| | (२) जुम्ला |
| | (३) कालीकोट |
| | (४) मुगू |
| | (५) हुम्ला |

९. स्थानीय प्रशासन (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणाम: स्थानीय प्रशासन (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुर्‍याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक,सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाइ पनि शुरू गर्न, चालू गर्न सकिनेछ ।

लालमोहर सदर मिति:– २०३३।४।२८।५

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

६२८

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।